बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ

मन्त्री

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

## राष्ट्रिय बाल दिवस, २०८३ को शुभकामना सन्देश

राष्ट्रिय बाल दिवस, २०८३ को अवसरमा समस्त नेपाली बालबालिका तथा अभिभावकहरूमा शुभकामना व्यक्त गर्दछु।

नेपालले संयुक्त राष्ट्रसङ्घको 'बालअधिकार महासन्धि, १९८९लाई २०४७ साल भदौ २९ गते अनुमोदन गरे पश्चात् हरेक वर्ष भदौ २९ गतेलाई राष्ट्रिय बाल दिवसको रूपमा मनाउँदै आइएको छ । **"बालापनको रक्षा,भविश्यको सुरक्षा"** भन्ने आदर्श वाक्य सहित मनाउन लागिएको यस वर्षको दिवसले बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, सुरक्षा एवम् विकासमा ध्यान दिदै बालबालिकाको लागि अझ सुरक्षित, समावेशी र सुनौलो भविश्यसहितको समुदाय निर्माण गर्ने अपेक्षा गर्दछु।

नेपालको संविधानले मौलिक हकको रूपमा बालबालिकाको हकलाई सुनिश्चित गरेको छ। बालबालिकाहरूका सम्बन्धमा व्यवस्था गरिएका संवैधानिक र कानूनी प्रावधानहरू तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिवद्धताहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, अभिभावक, विद्यालय एवम् अन्य सरोकारवाला निकायहरूको एकिकृत र समन्वयात्मक भूमिका आवश्यक रहन्छ। बालमैत्री नीति तथा कार्यक्रम बनाउन बालअधिकारको पक्षमा काम गर्नुहुने सबै सरोकारवालाहरूले थप प्रतिवद्धता र क्रियाशीलताका साथ बालबालिकाको गुणात्मक विकासमा निरन्तर लाग्दै **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय आकांक्षा पूरा गर्नमा योगदान पुर्याउन सबैमा आह्वान गर्दछु ।

अझै पनि केही बालबालिकाहरू आफ्नो बालअधिकारबाट वंचित भएका छन्। बालबालिका माथि हुने हिंसात्मक अनुशासन, बालबिवाह, बाल श्रम, बेचबिखन, हिंसा तथा दुर्व्यवहार एवम् सबै किसिमका अमानवीय व्यवहार रोक्नु सम्बन्धित सरोकारवालाहरूको दायित्व रहेको हुन्छ। बालबालिकाको भविष्य सुनिश्चित गर्न सिर्जनात्मक, व्यवहारिक, निःशुल्क र गुणस्तरीय शिक्षाको व्यवस्था, पोषणयुक्त आहार, सुरक्षित खानेपानी र सरसफाई, आवश्यक खोप एवम् बालमैत्री स्वास्थ्य संस्था एवम् नीतिगत, कानूनी र बालमैत्री कार्यसम्पादन को प्रबन्ध गर्नु आवश्यक हुन्छ।

अन्त्यमा, भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाहरुको कठिन परिस्थितिप्रति सम्पूर्ण सरोकारवालाहरु संवेदनशील बन्दै बालबालिकाहरुले गुमाएको घरबार,टुटेको शिक्षाको निरन्तरता ,भोग्नुपरेको मानसिक आघात र भविष्यको अनिश्चितता को शीघ्र सम्बोधन गर्दै बालबालिकाको संरक्षण, विकास र सहभागिताका लागि आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्न सम्वद्ध सबै पक्षको ध्यान आकृष्ट हुने नै छ भन्ने विश्वासका साथ यस दिवसले बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि सम्वद्ध सबैमा थप प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

धन्यवाद ।

मितिः२०८३ भाद्र २९ गते सोमबार ।

नेपाल संवत्११४६, ञंलाथ्व तृतिया

गिर बहादुर तामाङ

मन्त्री